लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

स्वास्थ्य कार्यालय, दाङ

मासिक जनस्वास्थ्य बुलेटिन

आ. वः २०८३/८४ वर्षः दोश्रो अंकः १५ असोज २०८३

असोज महिनाका प्रमुख उपलब्धिहरु

- ✓ स्वास्थ्य संस्थाहरुमा नियमित तथ्याङ्क गुणस्तर मुल्याङ्कन
- ✓ स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड अनुगमन
- ✓ सि.बि.आई.एम.एन.सि.आई कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रम
- ✓ नियमित खोप, तथा सरसफाइ सेसनको अनसाइट कोचिङ, कोल्ड स्टोरको अवलोकन, रेकर्डिङ रिपोर्टिङको अध्ययन तथा विष्लेषण
- ✓ समुदाय स्तरमा परिवार मुआक कार्यक्रम संचालन
- ✓ स्तनपान परामर्शकर्ताको लागि तालिम संचालन
- ✓ जिल्लास्तरीय क्षयरोग (DS/DR) कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम
- ✓ पोषण बिशेष कार्यक्रम तथा विद्यालय स्वास्थ्य पोषण कार्यक्रमको पोषण सम्बन्धी तथ्याङ्क विश्लेषण तथा अन्तरक्रिया कार्यक्रम
- ✓ रोग निगरानी तथा महामारी नियन्त्रण गतिविधिहरू

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np

असोज महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

१) **स्वास्थ्य संस्थाहरुमा नियमित तथ्याङ्क गुणस्तर मुल्याङ्कन:** तुलसीपुर, घोराही, बबई, लमही, राजपुर, गढवा, शान्तिनगर, दंगीशरण र राप्तीका स्वास्थ्य संस्थाहरूमा RDQA कार्यक्रम सम्पन्न गरिएको थियो। यस क्रममा DHIS२ र eHMIS मा तथ्याङ्कको फरक देखिने, केही कार्यक्रमको eHMIS मा प्रतिवेदन नहुने जस्ता समस्याहरू पहिचान गरी eHMIS बाटै पूर्ण अभिलेख राख्न र डेटा पठाउन निर्देशन दिइएको थियो।

२) **स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड अनुगमन:** बिजौरी स्वास्थ्य चौकी, राप्ती आधारभूत अस्पताल र हंसपुर आधारभूत अस्पतालमा MSS अनुगमन सम्पन्न भएको थियो। सुशासन र सपोर्ट सेवा व्यवस्थापनमा न्यून अंक देखिएकाले नियमित स्टाफ मिटिङ, गुनासो व्यवस्थापन, तालिम योजना निर्माण र डस्टबिन राख्न सुझाव दिइएको थियो।

३) **सि.बि.आई.एम.एन.सि.आई कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रम:** यस अन्तर्गत कार्यक्रमसँग सम्बन्धित सामग्रीहरूको आपूर्ति व्यवस्थापनमा कमी र तालिमको अभाव जस्ता समस्याहरू पहिचान भई आपूर्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउन छलफल गरिएको थियो।

४) **नियमित खोप, तथा सरसफाइ सेसनको अनसाइट कोचिङ, कोल्ड स्टोरको अवलोकन, रेकर्डिङ रिपोर्टिङको अध्यन तथा विष्लेषण :** यस अन्तर्गत खोप केन्द्रमा सरसफाइ सेसन नचलेको, रजिष्टरमा सबै विवरण अद्यावधिक नभएको, खोप रजिष्टर मापदण्ड अनुसार नछापिएको जस्ता समस्या देखिएका छन्। राजपुर स्वास्थ्य चौकीमा मलेरिया जाँच गर्ने परीक्षण किटको सदुपयोग नभई म्याद गुज्रिएको पाइएको थियो। सब-सेन्टरमा रहेका २ वटा ILR रेफ्रिजरेटरमा खराबी आएका कारण केही भ्याक्सिन डिस्कार्ड गरिएको छ भने नियमित विद्युत् आपूर्ति नहुँदा ब्याकअप सिस्टम नभएको र खोप तालिम प्राप्त जनशक्ति १ जना मात्र रहेको पाइएको छ। सुधारका लागि खोपसँगै सरसफाइ सेसन चलाउन, रेकर्डिङ-रिपोर्टिङ अद्यावधिक गर्न, मिति गुज्रिन नदिन शाखाहरूबीच समन्वय गर्न तथा पावर ब्याकअपका लागि कार्यकारी र अध्यक्षसँग अनुरोध गर्न समन्वय गरिएको थियो।

५) **समुदाय स्तरमा परिवार मुआक (Family MUAC) कार्यक्रम संचालन :** राप्ती, घोराही, गढवा, दंगीशरण र तुलसीपुर अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थामा यो कार्यक्रम सञ्चालन भैरहेको छ । परिवार स्तरमा आमा तथा हेरालुहरूद्वारा ६ देखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था समयमै पहिचान गरी कुपोषणको अनुगमन प्रणालीलाई सुदृढ बनाउनु यसको मुख्य उद्देश्य हो।

६) **स्तनपान परामर्शकर्ताको लागि तालिम कार्यक्रम:** स्वास्थ्यकर्मीहरूको स्तनपान सम्बन्धी ज्ञान, सीप र धारणामा सुधार गर्दै गर्भवती तथा सुत्केरी आमाहरूलाई दिइने परामर्शको गुणस्तर बढाउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। यसले शिशु जन्मिएको एक घण्टाभित्रै स्तनपान गराउने र पूर्ण स्तनपानको दर बढाउनुका साथै स्तनपानका क्रममा आउने कठिनाइहरूको पहिचान र समाधान गर्न मद्दत पुऱ्याउँछ। साथै, स्तनपानको संरक्षण, प्रवर्द्धन र स्तनपानमैत्री वातावरण निर्माण गरी सबै प्रकारका कुपोषण न्यूनीकरण गर्न यस कार्यक्रमले सहयोग गर्ने अपेक्षा गरिएको छ।

७) **जिल्लास्तरीय क्षयरोग (DS/DR) कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम:** क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न भएको छ। क्षयरोग औषधिको आपूर्तिमा कमी र तथ्याङ्क

व्यवस्थापन पूर्ण नभएको समस्या समाधानका लागि सामूहिक छलफल र कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको थियो।

८) **पोषण बिशेष कार्यक्रम तथा बिद्यालय स्वास्थ्य पोषण कार्यक्रमको पोषण सम्बन्धी तथ्याङ्क विश्लेषण तथा अन्तरक्रिया कार्यक्रम:** पोषण सम्बन्धी तथ्याङ्क विश्लेषण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। सुपर सिरियल प्लसको आपूर्तिमा कमी र औसत भेट न्यून रहेको समस्या समाधानका लागि सामूहिक छलफल र कार्ययोजना निर्माण गरिएको थियो।

९) **रोग निगरानी तथा महामारी नियन्त्रण गतिविधिहरू:** जे.ई केस सर्भिलेन्स तथा अनुशिक्षण, डेंगी तथा कीटजन्य रोगसम्बन्धी अभिमुखीकरण, औलो खोजपड्ताल र RRT परिचालन तथा महामारी नियन्त्रणसम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू नियमित तथा प्रभावकारी रूपमा सम्पन्न गरिएका थियो।

स्थानीय तहहरुबाट असोज महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

असोज महिनामा जिल्लास्थित सबै स्थानीय तह र अन्तर्गतका स्वास्थ्य संस्थाहरूले स्वास्थ्य सेवा प्रवाह र व्यवस्थापनलाई सुदृढ गर्न विभिन्न नियमित तथा प्राविधिक कार्यहरू सक्रिय रूपमा सञ्चालन गरेका थिए। स्वास्थ्य संस्थाहरूमा तथ्याङ्क व्यवस्थापन सुधारका लागि eHMIS र DHIS2 प्रणालीको प्रभावकारी प्रयोग गर्न, नियमित खोप तथा सरसफाइ सेसनहरू सञ्चालन गर्न, र खोप रजिस्टर तथा अनुगमन चार्टहरू अद्यावधिक राखिएको छ। त्यसैगरी, स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड कार्यान्वयन, परिवार मुआक (Family MUAC) कार्यक्रमलाई समुदाय स्तरमा बिस्तार गर्ने, कार्यान्वयन गर्ने जस्ता कार्यहरूमा स्थानीय तहका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूको प्रत्यक्ष सहभागिता र संलग्नता रहेको थियो। यसका अतिरिक्त, डेंगी, औलो र जे.ई. जस्ता कीटजन्य तथा महामारीजन्य रोगहरूको सर्भिलेन्स, र खोप भण्डारणको कोल्ड चेन व्यवस्थापनमा स्थानीय तहहरूले स्वास्थ्य कार्यालयसँग समन्वय गरी विभिन्न कार्यक्रमहरु संचालन गरिएको थियो।

कार्यक्रमसम्बन्धी फोटोहरु



सि.बि.आई.एम.एन.सि.आई कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रम



डेंगी तथा कीटजन्य रोगहरु सम्बन्धि अभिमुखीकरण



जे. ई. केस सर्भिलेन्स तथा अनुशिक्षण



जिल्लास्तरीय क्षयरोग (DS/DR) कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण कार्यक्रम



परिवार मुआक (Family MUAC) सम्बन्धी अभिमुखीकरण कार्यक्रम



पोषण बिशेष कार्यक्रम तथा बिद्यालय स्वास्थ्य पोषण कार्यक्रमको पोषण सम्बन्धी तथ्याङ्क विश्लेषण तथा अन्तरक्रिया कार्यक्रम

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np

आगामी महिनाको योजना

- नियमित खोपको अन साईट कोचिंग
- घरैमा गएर जेष्ठ नागरीकको उपचार कार्यक्रम सम्बन्धि अनुगमन
- नाक, कान, घाँटी तथा मुख स्वास्थ्यको प्राथमिक उपचार सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम
- भिटामिन ए र जुकाको औषधी पुरक सेवन कार्यक्रम
- स्वास्थ्यकर्मीहरुलाई HMIS तथा DHIS2 तालिम, तथ्याङ्क गुणस्तर सुधारका लागि DHIS2/HMIS/PAMS V2 स्थलगत अनुशिक्षण, स्थानीय तह स्वास्थ्य शाखा प्रमुखसंग मासिक बैठक
- खोप ढुवानी कर्ताहरूलाइ १ दिने तालिम
- स्वास्थ्यकर्मीहरुलाई क्षयरोग सम्बन्धि आधारभूत कार्यक्रम संचालन

सुझाव र प्रतिक्रियाका लागि

सूचना अधिकारी

नामः मेघराज पौडेल

पदः वरिष्ठ तथ्याङ्क अधिकृत

फोन नम्बरः ९८५७८६०००५

ईमेल ठेगानाः paudelmeghraaj@gmail.com

गुनासो सुन्ने अधिकारी

नामः निमकान्त आचार्य

पदः वरिष्ठ अधिकृत प्रशासन

फोन नम्बरः ९८४७८३२४६२

ईमेल ठेगानाः nimkantacharya462@gmail.com